# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ८ गते २०४१ साल

श्री ५ को सरकार

पर्यटन मन्त्रालयको

सूचना

पर्वतारोहणसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४१

पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ लाई संशोधन गर्न वान्छनीय भएकोले, पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पर्वतारोहणसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पर्वतारोहणसम्बन्धी नियमावली, २०३६ को नियम ३ मा संशोधनः पर्वतारोहण-सम्बन्धी नियमावली, २०३६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उप-नियम (१) मा रहेको "विदेशी" भन्ने शब्द झिकिएको छ र सोही उप-नियममा रहेको "आफ्नै देशको कुनै मान्यता प्राप्त पर्वतारोहण संस्था" भन्ने वाक्यांशको सट्टा "अन्तरराष्ट्रिय पर्वतारोहण संघ (यू. आई. ए. ए.) द्वारा मान्यता प्राप्त आफ्नो देशको पर्वतारोहण संस्था" भन्ने वाक्यांश राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) मा रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः–

"स्पष्टीकरणः यस उप-नियमको प्रयोजनको लागि "शरद ऋतु" भन्नाले भदौ महीनाको आधादेखि कार्तिक मसान्तसम्म "शिशिर ऋतु" भन्नाले मार्ग महीनाको आधादेखि माघमसान्तसम्म र "वसन्त ऋतु" भन्नाले फाल्गुण महीनाको आधादेखि जेष्ठ महीनाको आधासम्म सम्झनुपर्छ।"

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को,–

(१) उप-नियम (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएका छन्ः–

"(क) सगरमाथा –पचास हजार रूपैयाँ

(ख) सगरमाथाबाहेक ८,००० मिटरभन्दा बढी उचाइ भएको –चालीस हजार रूपैयाँ

(ग) ७,५०१ देखि ८,००० मिटरसम्म उचाइ भएको– तीस हजार रूपैयाँ

(घ) ६,६०१ देखि ७,५०० मिटरसम्म उचाइ भएको– बीस हजार रूपैयाँ

(ङ) ६,६०० मिटरसम्म उचाइ भएको –दश हजार रूपैयाँ"

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"उप-नियम (१) बमोजिमको सलामी रकम पर्वतारोही दलले अनुमति पाएको दुई महीनाभित्र बुझाउनु पर्नेछ।"

(३) उप-नियम (३) मा रहेको "आधा" भन्ने शब्द झिकिएको छ ।

(४) उप-नियम (४) मा रहेको "आधा" भन्ने शब्द झिकिएको छ ।

(५) उप-नियम (४) पछि देहायको उप-नियम (५) र (६) थपिएका छन्ः–

"(५) नेपाली पर्वतारोही दल वा नेपाली नागरिकलाई पर्वतारोहण दलका सदस्यको रूपमा सम्मिलित गराउने विदेशी पर्वतारोही दललाई उप-नियम (१) बमोजिम लाग्ने सलामी रकम श्री ५ को सरकारले पूरै वा आँशिक रूपमा छूट दिन सक्नेछ ।

(६) उप-नियम (१) बमोजिम बुझाउनु पर्ने सलामी रकम नेपाली पर्वतारोही दलले नेपाली मुद्रामा बुझाउन सक्नेछ ।"

४. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को उप-नियम (१) मा देहायको प्रतिबन्धात्मक वाक्याँश थपिएको छः–

"तर अनुमति प्राप्त हिमालचूलीबाहेक अन्य हिमालचूलीको लागि अभियान सार्ने भएमा अनुमति प्राप्त हिमालचूलीको लागि बुझाई सकेको सलामी रकम सार्न सकिनेछैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः–

"(झ) नेपाल अधिराज्यसित जोडिएको विदेशी राज्यसंगको अन्तरराष्ट्रिय सीमानामा पर्ने हिमालचूली आरोहण गर्न अनुमति पाएका पर्वतारोही दलले अन्तरराष्ट्रिय सीमाना उल्लङ्घन गर्न नहुने ।"

६. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को उप-नियम (१) को खण्ड (क), (ख), (ग) र (घ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएका छन् :—

"(क) सम्पर्क अधिकृतको लागि दुई लाख रूपैयाँ।

(ख) सरदार र पर्वतीय पथ प्रदर्शकको लागि एक लाख पचास हजार रूपैयाँ।

(ग) उचाइमा जाने भरियाको लागि एक लाख रूपैयाँ ।

(घ) आधार शिविरको कामदारको लागि पचपन्न हजार रूपैयाँ ।

(ङ) स्थानीय भरियाको लागि पचास हजार रूपैयाँ ।"

७. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) सम्पर्क अधिकृत खटाउँदा साधारणतया श्री ५ को सरकारले शाही नेपाली सेना, नेपाल प्रहरी वा निजामती सेवाका बहालवाला अधिकृत-मध्येबाट खटाउनेछ ।"

८. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को,–

(१) उप-नियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन् ।

(क) दैनिक भत्ता पचास रूपैयाँ ।

(ख) प्रति व्यक्ति पहिले प्रयोग नभएको नयाँ र दलका सदस्यहरूले प्रयोग गरेको गुणस्तरको भन्दा कम नभएको कम उचाइमा प्रयोग हुने एक र आधार शिविरमा प्रयोग हुने एक गरी जम्मा स्लिपिंग बैग थान २ दुई, ऊनी ट्राउजर वा निकर थान दुई, ऊनी मोजा चार जोर, पञ्जा एक जोर, हिउँमा लगाउने जुत्ता एक जोर, ट्रेकिङ्ग जुत्ता एक जोर, गेटर एक जोर, फेदर ज्याकेट एक, विण्ड ज्याकेट एक, विण्ड ट्राउजर एक, डाउन पेन्ट एक, स्वीटर एक, ऊनी कमीज दुई, ऊनी टोपी एक, हावा वा रबरको डसना एक, रूकस्याक एक, हिउँमा लगाउने चस्मा एक, छाता वा रेनकोट एक, अभियान अवधिभर प्रयोग गर्ने पाल एक ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल नियमावलीको नियम १४मा संशोधनः मूल नियमावलीको नियम १४ को,–

(१) उप-नियम (१) को खण्ड (क),(ख),(ग) र (घ)को सट्टा देहायको खण्ड (क),(ख),(ग)र(घ)राखिएका छन् ।

"(क)सरदारलाई पैंतालीस रूपैयाँ ।

(ख)पर्वतीय पथ प्रदर्शक र उचाइमा जाने भरियालाई चालीस रूपैयाँ ।

(ग)आधार शिविरका कामदारलाई पैंतीस रूपैयाँ ।

(घ)स्थानीय भरियालाई छब्बीस रूपैयाँ ।"

(२) उप-नियम (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) प्रति व्यक्ति पहिले प्रयोग नभएको नयाँ र दलका सदस्यहरूले प्रयोग गरेको गुणस्तरको भन्दा कम नभएको कम उचाइमा प्रयोग हुने एक र आधार शिविरमा प्रयोग हुने एक गरी जम्मा स्लिपिङ्ग बैग थान दुई, ऊनी ट्राउजर वा निकर थान दुई, ऊनी मोजा चार जोर, हिउँमा लगाउने पञ्जा दुई जोर, हिउँमा लगाउने जुत्ता एक जोर, गेटर एक जोर, फेदर ज्याकेट एक, विण्ड ट्राउजर एक, विन्ड पैन्ट एक, डाउन पेन्ट एक, स्वीटर, एक, ऊनी कमीज दुई, ऊनी टोपी एक, हावा वा रबरको डसना एक, रूकस्याक एक, हिउँमा लगाउने चस्मा एक, छाता वा रेनकोट एक आईस एक्स एक, अभियान अवधिमा प्रयोग गर्ने पाल एक ।"

१०. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ मा रहेको "पुगेको" भन्ने शब्दपछि "सरदार" भन्ने शब्द थपिएको छ ।

११. मूल नियमावलीको अनुसूची–१ मा संशोधनः मूल नियमावलीको अनुसूची–१ को विवरण १२ को सट्टा देहायको विवरण १२ राखिएको छः–

"१२. नेपाली कामदारहरूको संख्याः (सरदार पर्वतीय पथ प्रदर्शक, उचाइमा जाने भरिया तथा आधार शिविरका कामदार):–"

आज्ञाले,
वीरेन्द्रनाथ खुजेली
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।